नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४२२

मितिः २०८३/०१/२३

नेपाल संवत् ११४६

विषयः पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ८३, मिति २०८३/०१/२१ को पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्बन्धी पत्र र सोसाथ प्राप्त बैठक मान्यूट आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः ४२००३०४

ईमेलः local.level.coordination@mofaga.gov.np/cmmofald@gmail.com

वेबसाईटः www.mofaga.gov.np

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०८२/८३
च.नं. : ८६

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- ३८६१
दर्ता मितिः- १।२५

मिति: २०८३/०१/२१

विषय: पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्वन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ।

उपरोक्त सम्वन्धमा पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयनका लागि मिति २०८२/१०/१३ गतेको विषयगत समितिको वैठक (११औ) को निर्णय नं. ७ र मिति २०८३/०१/१६ गतेको सचिवस्तर वैठकको निर्णयको प्रतिलिपि यसै साथ संलग्न राखि आवश्यक कार्यार्थ सबै स्थानिय तहलाई पत्राचार गरिदिनहुन अनुरोध छ।

२०८३/०१/२१

डा. मनोज कुमार शाही
बरिष्ठ पशु चिकित्सक

संलग्न कागजातहरु

१. मिति २०८३/०१/१६ को सचिवस्तर वैठकको मान्यूट
२. मिति २०८२/१०/१३ विषयगत समितिको वैठक (११औ) मान्यूट

PAGE NO.
DATE / /
Topic :

विषय :- पशु वधशाला तथा मासु जाँच ऐन कार्यान्वयन सम्बन्धमा छलफल बैठक ।

अध्यक्षता :- डा. राजेन्द्र प्रसाद मिश्र, सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

मिति :- २०७३।१।२६।

स्थान :- सभाहल, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

उपस्थिति

डा. राजेन्द्र प्रसाद मिश्र, सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
डा. रामनन्दन तिवारी, सहसचिव कृ.प.वि.म.
डा. शरण कुमार पाण्डे, सहसचिव कृ.प.वि.म.
डा. उमेश दाहाल, महानिर्देशक, पशु सेवा विभाग
डा. सुलोचना श्रेष्ठ, उपमहानिर्देशक, पशु सेवा विभाग
डा. जितेन्द्र श्रेष्ठ, उपमहानिर्देशक, ''
डा. विकास श्रेष्ठ, आयोजना निर्देशक, ''
डा. बरुण कुमार शर्मा, प्र.प.चि., के.प.रो.अ.प्र. त्रिपुरेश्वर
श्री सरिता गौतम, प्र.म.वि.अ., के.म.प.स.के. बालाजु
डा. जगदिश पाण्डेय, प्र.प.वि.अ. रा.प.जै.प्र.का.
डा. विनय कुमार कर्ण, प्र.प.चि. रा.खो.उ.प्र.
डा. खेम राज अवस्थी, प्र.प.वि.अ. रा.प.आ.ला.गु.प्र.
डा. सुजन राना, प्र.प.चि., भे.गु.आ.नि.प्र.
डा. मोहनाथ गौतम, व.प.चि., कृ.प.वि.म.
श्री रञ्जु गौतम, कानून उपसचिव, कृ.प.वि.म.
डा. मनोज कुमार शाही, व.प.चि. ''
श्री जीवराज पौडेल, व.व.वि.अ. ''
डा. रामचन्द्र सापकोटा, व.प.चि.
डा. प्रज्ञा कोइराला, प्र.प.चि. के.रि.प.चि.
पूजा रतौली, कानून अधिकृत, कृ.प.वि.म.
डा. पार्वती देवी शर्मा, प.वि.अ. ''
डा. सुशिल के.सी., प.चि. कृ.प.वि.म.
श्री गिता घामला व.वि.अ. ''
श्री बालकुमारी घिमिरे, प.खो.प्रा.के. प.वि.म.
" नविन करुना सामाचारमेन " "
सलिल सुवेदी इ.अ., उ.प्रविम
शोभा भण्डारी का.स. कृ.त.प.वि.म.

Never Stop Learning...

PAGE NO. / DATE / /

Topic : ....................................................

मिना मिना कुमारी डाँगी, का.स., कृ.प.वि.म.
विनोद प्रसाद अधिकारी, उ.स./का, कृ.प.वि.म.

प्रस्ताव नं. १: पशु वधशाला तथा मासुजाँच ऐन, २०५५ लागु गर्न कार्यन्वयन कार्ययोजना तयार गर्ने सम्वन्धमा।

निर्णय नं. १: संविधानको मौलिक हक कार्यान्वयन (धारा ४४), सर्वोच्च अदालतबाट जारी भएका विभिन्न परमादेश र निर्देशनात्मक आदेशहरु (०७३-WO-०९१७; ०७१-WO-०३७१; ०६१-WO-३१८०) र माननिय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२/१०/१३ गतेको विषयगत समितिको बैठकले पशु वधशाला तथा मासुजाँच ऐन, २०५५ एक वर्ष भित्र देशै भर पुर्णरुपममा लागु गर्ने भन्ने निर्णयलाई कार्यान्वयन गर्न पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन कार्ययोजना तयार गर्न आवश्यक देखिएकोले, ऐन लागु गर्दा जनशक्तीको आवश्यकता र उपलब्धता, भौतिक संरचनाको उपलब्धता र विकास गर्नु पर्ने संरचनाको आवश्यकता, सृजना हुने आर्थिक दायित्व, संघ, प्रदेश र स्थानिय तह तथा सरोकारवालाहरुको भूमिका, कार्यन्वयनको समय सीमा सहितका विषयलाई समावेस गर्दै बढिमा ३० दिन भित्र "पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन कार्ययोजना" पेश गर्न पशु सेवा विभागलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं. २: प्रदेश र स्थानीय तहलाई प्राथमिकताका साथ पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्वन्धी कार्यक्रम राख्न अनुरोध गर्ने।

निर्णय नं. २: (क) कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयनका लागि स्थानिय तहमा आवश्यक बजेट शसर्त अनुदानको रुपमा पठाउने व्यवस्था गर्ने।

(ख) संविधानको मौलिक हक कार्यान्वयन (धारा ४४), सर्वोच्च अदालतबाट जारी भएका विभिन्न परमादेश र निर्देशनात्मक आदेशहरु (०७३-WO-०९१७; ०७१-WO-०३७१; ०६१-WO-३१८०) र माननिय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२/१०/१३ गतेको विषयगत समितिको बैठकले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ एक वर्ष भित्र देशै भर पुर्णरुपमा लागु गर्ने भन्ने निर्णयलाई कार्यान्वयन गर्न पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयन कार्ययोजना तयार गर्न आवश्यक देखिएकोले कृषि तथा पशुपन्छी विकास हेर्ने सातै प्रदेश मन्त्रालयहरुलाई आफ्नो प्रदेश

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

प्रस्ताव नं. ४: पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यन्वयनका कार्यालय तोक्ने।

निर्णय नं ४: पशु वधशाला र मासु जाँच ऐन, २०५५ लाई तत्काल कार्यान्वियन गर्न अर्को संरचना तयार नभए सम्मको लागि भेटेरिनरी गुणस्तर तथा गुणस्तर नियमन प्रयोगशाला, बुढानिलकण्ठलाई सो सम्वन्धि कार्य गर्न Focal Office को रुपमा तोक्ने। सो ऐन कार्यान्वियन गर्दा आवश्यक स्थायी प्रकृतिको कार्यालयको संगठन संरचना आवश्यकता र औचित्यको आधारमा तयार गरी मन्त्रालयमा पेश गर्न निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं. ५: मासु सुपरिवेक्षक र मासु निरिक्षकको अभिलेख तयार गर्ने सम्वन्धमा।

निर्णय नं. ५: पशु सेवा विभागलाई मासु निरिक्षकको तालिम लिएका पशु चिकित्सकहरुको अभिलेख तयार गर्न अनुरोध गर्ने। मासु सुपरिवेक्षक र मासु निरिक्षक तोक्ने प्रकृया अगाडी बढाउन पशु सेवा विभागलाई निर्देशन दिने निर्णय गरियो।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

# विषयगत समिति बैठक (११औं) को निर्णयहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

बैठक मिति: २०८२।१०।१३ गते।
स्थान: ठाकुरद्वारा, बर्दिया।
बैठकको अध्यक्षता: माननीय मन्त्री मदन प्रसाद परियारज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।
बैठकमा सहभागिता:
समिति सदस्यहरु- माननीय मन्त्रीज्यूहरु (प्रदेशस्थित्त कृषि क्षेत्र हेर्ने मन्त्रालय), समिति सदस्य- अध्यक्ष (बुढीगंगा गाँउपालिका, मोरङ्ग) र आमन्त्रित सदस्य-श्रीमान् सचिवज्यू, नेपाल नगरपालिका संघका अध्यक्षज्यू, गाँउपालिका राष्ट्रिय महासंघका प्रतिनिधिज्यू, नार्कका कार्यकारी निर्देशकज्यू, प्रदेश मन्त्रालयका श्रीमान् सचिवज्यूहरु, मन्त्रालयका श्रीमान् सहसचिवज्यूहरु र विभागीय प्रमुखज्यूहरु ।

संघ, प्रदेश र स्थानीय तह (अन्तर सम्बन्ध तथा समन्वय) ऐन, २०७७ को दफा २२ वमोजिम विषयगत समितिको एघारौं बैठक बसी तपसिल अनुसारका विषयहरुमा छलफल गरी देहाय वमोजिका प्रस्तावहरु उपर देहाय वमोजिमका निर्णयहरु गरियो।

## बैठकमा छलफल भएका विषयवस्तुहरु

१. दशौं विषयगत समिति बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्वन्धमा।
२. आ.ब. २०८३/८४ का कृषि तथा पशुपन्छी क्षेत्रका संघीय र प्रादेशिक प्राथमिकताहरु सम्वन्धमा ।
३. कृषि तथा पशुपन्छी क्षेत्रका संभावित मिसन तथा अभियान कार्यक्रमहरुको सम्वन्धमा
४. विभिन्न समयमा सरकारीस्तरवाट निर्माण भएका कृषि उपज वजारहरुको प्रदेश र स्थानीय तहमा स्वामित्व हस्तान्तरण सम्वन्धमा सम्वन्धमा।
५. वाली तथा पशुधन विमाको व्यवस्थापन सम्वन्धमा ।
६. राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम सम्वन्धमा।
७. पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्वन्धमा।
८. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको निरन्तरता सम्वन्धमा।
९. न्यूनतम समर्थन मूल्य कार्यान्वयन सम्बन्धमा ।
१०. खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को कार्यान्वयन सम्वन्धमा ।
११. कृषि तथा पशुपन्छी क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहहरुबाट वजेट विनियोजन सम्वन्धमा ।
१२. कृषि अनुसन्धान क्षेत्र, फार्म, श्रोतकेन्द्र, प्रयोगशाला र कार्यालयहरुको जग्गा/ संरचनाहरुको उपयोग सम्वन्धमा ।
१३. प्रदेशस्तरीय कृषि अनुसन्धानको लागि संयन्त्र (मोडालिटी) सम्वन्धमा ।
१४. रासायनिक मलको व्यवस्थापन सम्वन्धमा।
१५. अन्य सहकार्यका विषयहरुमा जानकारी र अनुरोधका सम्वन्धमा।

## निर्णयहरु

**प्रस्ताव १**: दशौं विषयगत समिति बैठकमा भएका निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा।

**निर्णय:**

(क) दशौं विषयगत समिति बैठकमा जम्मा ७ वटा प्रस्तावहरुमा निर्णय भएकोमा अधिकाशं निर्णयहरु कार्यान्वयन भई सकेको पाइयो।

(ख) कोल्ड स्टोरेज तथा चिस्यान केन्द्रहरु कृषि प्रयोजनका लागि संचालन भए/नभएको बारे आवश्यक अनुगमन तथा निरीक्षण गरी सो का आधारमा प्रदेशमार्फत कोल्ड स्टोरेज तथा चिस्यान केन्द्रहरुलाई विद्युत महसुलमा सहुलियत दिने व्यवस्था प्रदेश कृषि क्षेत्र हेर्ने मन्त्रालयहरुले विद्युत प्राधिकरणको समन्वयमा कार्यान्वयनमा लैजाने निर्णय प्रभावकारी ढंगले अगाडि वढाउने विषयमा पनि समिक्षा गरियो। साथै संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयसँग समन्वय थप नीतिगत सहजीकरण गर्ने समेत निर्णय गरियो।

मा.कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको निजी सचिवालय
दर्ता नं.: १२५
मिति: २०८२।१०।१२

डा. हरि बहादुर ...
सहसचिव

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री



CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>प्रस्ताव ७</u>: पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयन सम्वन्धमा।

<u>निर्णय:</u> सम्मानित सर्वोच्च अदालतबाट पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयनका लागि जारी आदेश बमोजिम एक वर्षभित्र देशैभर पूर्ण रुपमा लागु हुनेगरी देहाय बमोजिम गर्ने :

(क) संघीय सरकारको संवन्धित निकायले मासु निरीक्षकको तालिम संचालन गर्ने, ऐन लागु भएको राजपत्रमा सूचना प्रकाशन गर्ने, र प्रदेश एंव स्थानीय तहलाई प्राविधिक पृष्ठपोषण गर्ने ।

(ख) प्रदेश सरकारको सम्वन्धित निकायले एक वर्षभित्र ऐन लागु गर्न कार्ययोजना तयार गरी संघीय निकायलाई जानकारी गराउने, स्थानीय तहसँगको समन्वयमा ऐन लागु हुने वातावरण तयार गर्ने।

(ग) स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रही बधशाला र वधस्थलको व्यवस्थापन गर्ने। साथै प्रदेश सरकारसँग समन्वय गरी सम्बन्धित पालिकामा ऐन लागु गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

<u>प्रस्ताव ८</u>: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता सम्वन्धमा।

<u>निर्णय:</u>

(क) राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना) को समिक्षा गरियो।

(ख) कार्यक्रमलाई संघ, प्रदेश, स्थानिय तहको संवैधानिक कार्यविभाजन, कार्यविस्तृतिकरण, तहगत कार्यक्षमता, विगत वर्षहरूमा भएको वजेट कार्यक्रमको प्रगति, हासिल उपलव्धी, प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सुझाव समेतका अधारमा अध्ययन पुनरावलोकन गरी अवश्यक सुधार एवं परिमार्जन सहित संघ, प्रदेश र स्थानीय तहमार्फत सचालन हुनेगरी कार्यक्रम।आयोजनाको दोस्रो चरण तर्जुमा गर्ने, कार्यक्रमलाइ निरन्तरता दिन सम्वन्धित निकायहरूमा सिफारिस गर्ने र अन्य अवश्यक प्रकृया अगाडि वढाउने ।

<u>प्रस्ताव ९</u>: न्यूनतम समर्थन मूल्य कार्यान्वयन सम्बन्धमा ।

<u>निर्णय:</u> न्यूनतम समर्थन मूल्य कार्यान्वयनको प्रभावकारी संचालन व्यवस्थापनका लागि देहाय वमोजिम गर्ने निर्णय गरियो:

(क) "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन सम्वन्धी निर्देशिका २०७७" वमोजिम प्रचलित प्रति क्विन्टल व्यवस्थापन खर्च (रु ११२) को पुनरावलोकन गरी व्यवहारिक सहजता र प्रभावकारिता समेतको अधारमा अध्ययन विश्लेषण गरी तोकुवा रकमको सट्टा निर्धारित न्यूनतम समर्थन मूल्यको निश्चित प्रतिशत (वढीमा ६ प्रतिशत) हुनेगरी (वढीमा) व्यवस्थापन खर्च उपलव्ध गराउने गरी अवश्यक व्यवस्था मिलाउने।

(ख) कृषि उपजहरूको उत्पादन, विक्रि परिमाण, प्रकृति, भण्डारणको अवश्यकता, औचित्यता, सान्दर्भिकता समेतका अधारमा संघ, प्रदेश र स्थानीय तहवाट छुट्टाछुट्टै रूपमा निर्माण, संचालन र व्यवस्थापन गर्न उपयुक्त भण्डार गृहवारेमा संभाव्यता अध्ययन गरी तहगत रूपमा भण्डारण प्रणाली पहिचान एवं विकास गर्ने ।

(ग) कृषि उपजहरूको भण्डार, सुरक्षा एवं संरक्षणका लागि संघ, प्रदेश र स्थानिय तिनै तहवाट समन्वयात्मक रूपमा भण्डारगृह निर्माण गर्दै जाने र कृषि सहकारीहरूको भण्डारण क्षमता वढाउन प्रोत्साहन सहयोग गर्ने।

(घ) सरकारले वजारको सम्भाव्यता अध्ययन गरी क्षेत्रगत रुप (नारायणी पूर्व र नारायणी पश्चिम) मा फरक फरक न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने।

<u>प्रस्ताव १०</u>: खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को कार्यान्वयन सम्बन्धमा ।

<u>निर्णय:</u>

(क) खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ वमोजिम प्रदेश र स्थानीय तहहरूले अफ्नो क्षेत्रभित्र खाद्य पदार्थहरूको स्वच्छता र गुणस्तर कायम गर्नका लागि अनुगमन, निरिक्षण लगायत तोकिएका काम कारवाही गर्न तत्काल



डा. हरि बहादुर के.सी.
डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

CS CamScanner

PAGE NO. DATE / /

Topic

भित्र ऐन कार्यान्वयन कार्ययोजना तयार गर्न, आगामी आर्थिक वर्षको लागि मासु निरिक्षकको तालिम (दुई हर्से) सञ्चालन हुन, पशु वधशाला र मासु जाँच ऐन कार्यान्वयनका लागि स्थानिय तह लगायतका सरोकारवाला निकायसँगको अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन हुन, स्वच्छ मासु उपभोग सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन हुन, मासु सुपरिवेक्षक र मासु निरिक्षक तोक्न प्रक्रिया हुन, पशु वधशाला तथा मासु पसल अनुगमन निरिक्षण, वधशाला/मासु पसल सुदृढीकरण लगायतका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरियो।

(ग) संविधानको मौलिक हक कार्यान्वयन (धारा ४४), सर्वोच्च अदालतंबाट जारी भएका विभिन्न परमादेश र निर्देशनात्मक आदेशहरु (०७३-WO-०९१७; ०७१-WO-०३७१; ०६१-WO-३१८०) र माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२/१०/१३ गतेको विषयगत समितिको वैठकले पशु वधशाला र मासुजाँच ऐन, २०५५ एक वर्ष भित्र देशै भर पुर्णरुपममा लागु गर्ने भन्ने निर्णयलाई कार्यान्वयन गर्न आफ्नो स्थानय तहको पशु वधशाला र मासु जाँच ऐन, २०५५ गर्न कार्यान्वयन कार्ययोजना तयार गर्न, मासु निरिक्षक नियुक्ती प्रकृया शुरु हुन, आगामी आर्थिक वर्षका लागि प्राथमिकताका साथ मासु पसल अनुगमन, मासु पसलको सुदृढिकरण, स्वच्छ मासु उपभोग सम्बन्धी सरोकारवालाहरुलाई जनचेतनामुलक लगायत कार्यक्रमहरु सञ्चालन हुन सवै स्थानीय तहहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३: पशु वधशाला र मासुजाँच ऐन, २०५५ लाई संशोधन गर्न वनेको विधेयकमा राय/सहमतिको लागि पठाउने सम्वन्धमा।

निर्णय नं. ३: पशु सेवा विभागवाट यस मन्त्रालयमा प्राप्त "पशु वधशाला र मासु जाँच ऐन, २०५५ लाई संशोधन गर्न वनेको विधेयक" उपर समसायिक संशोधन गरी विधायन ऐन, २०८१ अनुसार राय/सहमतिको लागि पठाउने निर्णय गरियो।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव